# भोजपुर जिल्ला अदालत

फोन नं. ०२९-४२०१९५
Email:info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

## भोजपुर

(प्रशासन शाखा)

पत्र संख्या: ०७७/०७८,
चलानी नं. :

प्रदेश नं. १, नेपाल
मिति २०७८/०२/०२

## सूचना । सूचना । सूचना ।

उपरोक्त सम्बन्धमा नोबेल कोरोना भाईरस (कोभिड-१९) को नयाँ भेरियन्ट नेपालभरी फैलिरहेको र यस जिल्लामा समेत त्यसको संक्रमण तिव्रगतिमा फैलिरहेको सन्दर्भमा त्यसको रोकथाम र नियन्त्रणको लागि यस अदालतवाट प्रदान गरिदै आएको सेवा संकुचन गर्नको लागि सिफारिस गर्ने भन्ने बेन्च, वार र जिल्ला सरकारी वकिल कार्यालयको मिति २०७८/०१/२२ गतेको बैठकको निर्णय, जिल्ला प्रशासन कार्यालय, भोजपुरको मिति २०७८/०१/२२ गतेको सूचना र स्थानीय परिस्थिति एंव जोखिमको अवस्थाको मुल्यांकनको आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्थापन सम्बन्धित अदालतले मिलाउने भन्ने सम्मानित सर्वोच्च अदालतको मिति २०७८ वैशाख १४ को पूर्ण बैठकवाट निर्णय भएको भनी सम्मानित सर्वोच्च अदालतको मिति २०७८/०१/१४ गतेको प्रेस विज्ञप्तीवाट देखिएको हुदाँ यस अदालतवाट प्रदान गरिदै आएको सेवा मध्ये मिति २०७७ साल वैशाख २७ गतेदेखि २०७८ साल जेष्ठ ०३ गतेसम्म तपशिल बमोजिमको सेवामात्र प्रवाह गर्ने निर्णय भएको भनी मिति २०७८/०१/२७ गते सूचना प्रकाशित गरिएकोमा जिल्ला प्रशासन कार्यालय, भोजपुरले मिति २०७७/०१/२९ गते राती १२ बजे देखि मिति २०७७/०२/१२ गते राती १२ बजे सम्म पूर्ण रुपमा निशेधाज्ञा गर्ने भनी सूचना प्रकाशित गरेकोले मिति २०७८/०१/२७ गते को सूचनामा उल्लेखित तपशिल बमोजिमका सेवाहरु मात्र यस अदालतवाट समेत मिति २०७८ साल जेष्ठ ३ गते देखि २०७८ साल जेष्ठ १२ गते सम्म प्रवाह हुने हुदाँ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै यस सूचना सन्बन्धमा कुनै दुविधा भए यस अदालतको फोन नं. ०२९-४२०१९५ मा सम्पर्क गरी जानकारी लिन सकिने छ।

नवराज कार्की
श्रेस्तेदार/उपसचिव

### तपशिल

१.बन्दीप्रत्यक्षीकरण निवेदन दर्ता र सुनुवाई।
२.पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप र कल डिटेल सन्बन्धी अनुमति दिने कार्य।
३.अभियोग पत्रको दर्ता, अभियुक्तको बयान लिने र थुनछेक सन्बन्धी कार्य, सजाय निर्धारण पेशी।
४.सेवा स्थगन गरिएको अवधिको हदम्याद, म्याद र तारिख नगुज्रने।
५. सर्वोच्च अदालतवाट निर्देश भए बमोजिम अन्य कार्य।